# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

## टंगाल, काठमाडौं

मिति: २०७६।०२।१३ गते

# प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको ।

-------------------------------------------------

नापी कार्यालय, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) मा कार्यरत नापी सर्भेक्षक (रा.प.अनं प्रथम श्रेणी) छत्रबहादुर ठकुल्लाले जग्गाको क्षेत्रफल मिलाइदिने भनी सेवाग्राहीसँग घुस रकम माग गरिरहेको भन्ने सूचना एवं उजुरीको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, बुटवलबाट खटिई गएको टोलीले निज नापी सर्भेक्षक छत्रबहादुर ठकुल्लाले सेवाग्राहीबाट रू.२०,०००।-(बीस हजार) घुस बापतको रकम लिएको अवस्थामा नियन्त्रणमा लिई अनुसन्धान हुँदा निज नापी सर्भेक्षक छत्रबहादुर ठकुल्लाले जग्गाको क्षेत्रफल कम देखिएकोले पौने पाँचधुर जग्गा बढाइदिने भनी सेवाग्राहीसँग घुस रकम माग गरी लिई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को कसुर अपराध गरेको स-प्रमाण पुष्टि भएकोले निजलाई बिगो रू.२०,०००।-(बीस हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (क) बमोजिम जरिवाना र कैद सजाय हुन मागदाबी लिई आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(प्रदीपकुमार कोइराला)
प्रवक्ता